# राजस्व अनुसन्धान विभाग

## वार्षिक प्रतिवेदन आ. ब. २०६४/६५

**ऐतिहासिक पृष्ठभूमि** :

भन्सार ऐन, २०१९ लागू भएपछि वि.सं. २०१९ सालमा भन्सार चोरी निवारण टोलीको नामबाट राजस्व अनुसन्धान सम्बन्धी संस्थागत अवधारणाको थालनी गरिएको थियो । वि.सं २०२३ सालसम्म यस टोलीले बाटोघाटोमा मालसामानको चेकजाँच गर्ने कार्य गरिआएकोमा तत्पश्चात भन्सार कार्यालय अन्तर्गत भन्सार रेखदेख टोलीको रुपमा भन्सार चोरी निकासी पैठारी नियन्त्रणको कार्य सम्पादन गरियो । तर यो टोली सुरक्षाको अभावमा प्रभावकारी नभएपछि स्थानीय प्रशासन अन्तर्गत राखी यही टोलीलाई नै परिचालन गरिएतापनि खासै प्रभावकारी हुन नसकेकाले पुनः भन्सार कार्यालय अन्तर्गत नै राखी परिचालन गरियो । पछि वि.सं. २०३३ सालमा स्थानीय प्रशासनको सीमा इकाइमा भन्सार गस्तिको दरवन्दी राखी भन्सार चोरी निकासी पैठारी नियन्त्रणको कार्य गरियो । यस राजश्व गस्ति टोली अर्थ मन्त्रालयको राजश्व अनुसन्धान महाशाखा अन्तर्गत राखी स्थानीय प्रशासन मार्फत परिचालन गरिएको थियो । यसरी भन्सार चोरी पैठारी नियन्त्रण, विदेशी विनिमय अपचलन नियन्त्रण, राजस्व चुहावटसँग सम्बन्धित भ्रष्टाचारको कसूर सम्बन्धी अनुसन्धान, तहकिकात गर्ने लगायतका कार्य साविकमा अर्थ मन्त्रालयको राजस्व अनुसन्धान महाशाखाबाट गरिदै आएकोमा यसको गाम्भिर्यता एवं कार्यबोझलाई ध्यानमा राखी राजस्व चुहावट नियन्त्रण कार्यलाई अझ प्रभावकारी बनाउन २०५० सालमा राजस्व अनुसन्धान विभागको स्थापना भएको हो । ललितपुरमा अवस्थित यो विभाग मातहत पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल र मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्र हेर्ने गरी क्रमशः इटहरी, पथलैया, वुटवल र कोहलपुरमा क्षेत्रिय स्वरुपका इकाई कार्यालयहरु सञ्चालित रहेका छन् । त्यसैगरी आन्तरिक ओसारपसारलाई व्यवस्थित गर्ने र भन्सार चोरी पैठारी नियन्त्रण गर्ने उद्धेश्यले काठमाण्डौंको थानकोट र काभ्रेपलाञ्चोकको धुलिखेलमा अस्थायी चेकपोष्टहरु समेत खडा गरिएका छन् ।

### १.२ विभागको सोच (Vision) :

मुलकको आर्थिक जगतलाई राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन अपराध मुक्त क्षेत्रको रुपमा विकास गरी सरकारी राजस्व सुनिश्चित गरी सुदृढ अर्थतन्त्रको लागि योगदान पुऱ्याउने यस विभागको दीर्घकालीन सोच (Vision) रहेको छ ।

## १.३ विभागको ध्येय (Mission) :

समष्टिगत राजस्वलाई अभिवृद्धि गर्न राजस्व चुहावट र विदेशी विनिमयको अपचलन नियन्त्रण गर्नु नै यस विभागको ध्येय (Mission) हो ।

## १.४ विभागको उद्देश्य (Objectives) :

भन्सार, अन्तःशुल्क तथा कर प्रशासन क्षेत्रमा हुने राजस्व चुहावटलाई प्रभावकारीरुपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व संकलनमा वृद्धि ल्याउने विभागको मुख्य उद्देश्य रहेको छ । राजस्व चुहावट (नियन्त्रण तथा अनुसन्धान) ऐन, २०५२ को प्रस्तावना अनुरुप यस विभागका निम्न बमोजिमका अन्य उद्देश्यहरु रहेका छन :

- अधिकाधिकरुपमा राजस्व परिचालन गर्ने,
- कर राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गर्ने,
- राजस्व संकलनमा वृद्धि ल्याउने कार्य प्रवर्द्धन गर्ने, र
- विदेशी विनिमय अपचलन नियन्त्रण गर्ने ।

## १.५ विभागको कार्यक्षेत्र (Scope) :

राजस्व चुहावट सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकात र तत् सम्बन्धी अन्य कारवाही विभागले गर्ने छ भनी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ ले राजस्व अनुसन्धान विभागको अधिकार क्षेत्र तोकेको छ ।

- नेपाल राज्यभित्र कर राजस्व अन्तर्गत हुने चुहावटका सबै क्षेत्रहरुमा एवं विदेशी विनिमय अपचलन सम्बन्धमा अनुसन्धानको कारवाही गर्ने एवं कसूर भए गरेको देखिएमा अदालतमा मुद्धा चलाउने यस विभागको मुख्य कार्यक्षेत्र रहेको छ । यसको लागि विभागले भन्सार चोरी पैठारीबाट हुने राजस्व छली, लेखा प्रणाली एवं बद्नियतपूर्ण ढंगले कर योजना गरी अन्तःशुल्क, मू.अ.कर, आयकरको विषयमा हुने कर छली, विदेशी विनिमय सम्बन्धी कसूरको सम्बन्धमा सूचना संकलन, तथ्यपूर्ण विश्लेषण, प्रारम्भिक छानवीन समेतको आधारमा अनुसन्धान कार्य गर्दछ । साथै, सम्पत्ति शुद्धिकरण (Money Laundering) निवारण ऐन, २०६४ को कार्यान्वयनको कार्य पनि अर्को व्यवस्था नभएसम्म यस विभागलाई तोकिएकोले तत्सम्बन्धी कार्यहरु गर्ने ।

## संगठनात्मक संरचना

विभागमा राजपत्राङ्कीत प्रथम श्रेणीको महानिर्देशकको नेतृत्वमा रा.प.प्रथम श्रेणीको उपमहानिर्देशक-१, रा.प.द्वितीय श्रेणीको निर्देशक-२, सरकारी वकिल (जिल्ला न्यायाधिवक्ता) र लेखा अधिकृत १/१ समेत रा.प.तृतीय श्रेणीको अधिकृत-७, सहायक स्तर -३२ र

गस्तीतर्फको १४ समेत गरी जम्मा ५७ जनाको दरवन्दी रहेको छ । विभाग अन्तर्गत पूर्वाञ्चल क्षेत्रको लागि इटहरी, मध्यमाञ्चल क्षेत्रको लागि पथलैया, पश्चिमाञ्चल क्षेत्रको लागि बुटवल र मध्य तथा सुदूर पश्चिमाञ्चलका लागि कोहलपुरमा एक/एक क्षेत्रीयस्तरको इकाई कार्यालयहरु रहेका छन् । उक्त इकाई कार्यालयहरुको कार्यालय प्रमुखमा रा.प.द्वितीय श्रेणीको प्रमुख अनुसन्धान अधिकृत र प्रत्येकमा १/१ जना रा.प.तृतीय श्रेणीको अनुसन्धान अधिकृतको दरवन्दी रहेको छ । इकाई कार्यालयहरुमा अधिकृतस्तरका ८, सहायक स्तरका-४० र गस्तीतर्फ ३७ गरी जम्मा ८५ जनाको दरवन्दी रहेको छ । यसरी विभाग वा अन्तर्गत समेत जम्मा १४२ जना कर्मचारीको दरवन्दी रहेको छ । यस विभाग अन्तर्गत काठमाडौंको थानकोट र काभ्रेपलाञ्चोकको धुलिखेलमा अस्थायी चेकपोष्ट सञ्चालनमा रहेका छन् ।

**सम्बन्धित ऐन कानूनहरु र सम्पादन गरिने मुख्य मुख्य कार्यहरु**

१. **राजस्व चुहावट नियन्त्रण ऐन,** २०५२

- राजस्व चुहावटको सम्बन्धमा विभागमा प्राप्त सूचना वा जानकारीको आधारमा अनुसन्धान तथा तहकिकात गर्ने ।
- अनुसन्धान वा तहकिकातको सिलसिलामा कागजात माग गर्ने, सम्बन्धित व्यक्तिलाई उपस्थित गराई सोधपुछ वा बयान गराउने ।
- राजस्व चुहावटको आशंकामा अनुसन्धानको सिलसिलामा सबुद प्रमाण संकलनको लागि सम्बन्धित स्थानमा खानतलासी लिने, कागजपत्र वा मालवस्तु कब्जामा लिने ।
- राजस्व चुहावटको कसुरको आरोपमा कारवाही चलाएको व्यक्तिलाई अवस्था अनुसार तारेखमा राख्ने, धरौटी माग गर्ने, थुनामा राख्ने ।
- अनुसन्धान तहकिकात पूरा गरी मुद्दा हेर्ने अधिकारी समक्ष नेपाल सरकारको नामबाट मुद्दा दायर गर्ने ।

२. **विदेशी विनिमय नियमित गर्ने ऐन,** २०१९

विदेशी विनियम (नियमित गर्ने) ऐन, २०१९ को दफा ११(क) अनुसार नेपाल सरकारको निर्णयानुसार यस विभागका महानिर्देशक वा निजले तोकेको उपमहानिर्देशक वा निर्देशकलाई विदेशी विनिमय सम्बन्धी कसुरको सम्बन्धमा जाँचबुझ र अनुसन्धान गर्ने अधिकार प्रत्यायोजन भएको छ ।

विदेशी विनिमयको अपचलनको सम्बन्धमा विभागले आफ्नै अग्रसरतामा सूचना संकलन गरी सोको विश्लेषणको आधारमा खोजतलास तथा तहकिकात गर्न जनशक्ति तथा अन्य कारणले सक्षम हुन नसकेको हुँदा यस विषयमा हालसम्म नेपाल प्रहरी लगायतका निकायहरुबाट पक्राउ

गरी दाखिला हुन आएको विदेशी विनिमयका सम्बन्धमा अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित अदालतमा मुद्धा दायर गर्ने मात्र गरिएको छ ।

३. **भन्सार ऐन,** २०६४

- साविकमा भन्सार ऐन, २०१९ को दफा ३४(क) तथा हाल भन्सार ऐन, २०६४ को दफा .... बमोमिज नेपाल सरकारबाट यस विभागका अधिकृत तथा इकाई कार्यालयका प्रमुख (अधिकृतस्तर) लाई प्राप्त भएको भन्सार अधिकृतको अधिकार बमोजिम भन्सार चोरी पैठारी भई आएका सामानहरु कब्जामा लिई कानून बमोमिज कारवाही गर्ने गरिएको ।
- भन्सार कार्यालयबाट जाँचपास भई आएका सामानहरु चेकजांच गरी भन्सार महसुल नतिरेको वा कम तिरेको पाइएमा भन्सार ऐन अनुसार कारवाही गर्ने ।

४. **मूल्य अभिवृद्धि कर ऐन,** २०५२

नेपाल सरकारको निर्णयानुसार मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ बमोजिम यस विभागका अधिकृतलाई प्राप्त भएको कर अधिकृतको अधिकार बमोजिम विभिन्न फर्म तथा कम्पनीहरुको कारोवारको अनुसन्धान गर्दा देखिएको कैफियतको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण गरी असुल गर्नुपर्ने राजस्व रकम दाखिलाको लागि करदाता दर्ता रहेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउने गरेको ।

अनुसन्धानबाट आयकर तथा अन्तःशुल्क निर्धारण गर्नुपर्ने अवस्थामा नियमानुसार कर निर्धारण गर्न एवं अवस्थाअनुसार पूर्ण कर परीक्षण गर्ने सुझाव सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाउने ।

राजस्व चुहावट कार्यमा कर्मचारी समेतको मिलोमतो भएको पाइएमा कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

अन्तर विभागीय समन्वय कायम गरी प्रभावकारीरुपमा राजस्व चुहावट नियन्त्रण गर्न प्रत्येक महिना यस विभाग, आन्तरिक राजस्व विभाग र भन्सार विभागका महानिर्देशकस्तरीय बैठक बसी कार्ययोजनाहरु तर्जुमा गरी सो बमोजिम कार्य गर्ने गरेको ।

राजस्व चुहावट नियन्त्रण गर्न कुनै नियम कानुनमा संशोधन गर्नुपर्ने भएमा वा राजस्व चुहावट नियन्त्रण सम्बन्धमा नेपाल सरकारलाई आवश्यक राय सुझाव दिने ।

राजस्व चुहावट हुन सक्ने क्षेत्रहरुको पहिचान गरी राजस्व असुल गर्ने अन्य विभागहरुलाई त्यसतर्फ ध्यानाकर्षण गराउने ।

राजस्व असुल गर्ने कार्यालयहरुले अपनाउनु पर्ने प्रकृयामा भएको कमि कमजोरीबाट राजस्व चुहावट भएको पाइएमा त्यस्तो प्रकृयामा सुधार गर्न सम्बन्धित विभागमा लेखी पठाउने ।

विभाग अन्तर्गतका अस्थायी चेकपोष्टहरु एवं इकाई कार्यालयहरुमा रहेका ढाट (चेकपोष्ट) मा संकलन हुने आयात/निर्यात तथा आन्तरिक ओसारपसारका प्रज्ञापनपत्र तथा विजकका प्रतिहरु आन्तरिक राजस्व विभाग कम्प्युटर प्रविष्टी गर्ने ।

## विशेष घुम्ती टोली परिचालन

नेपाल सरकारको मिति ................. को निर्णयानुसार राजमार्ग क्षेत्रमा घुम्ती टोली (Flying Squad) परिचालन गर्ने नीति अनुरुप गत आर्थिक वर्षमा टोली (Flying Squad) परिचालन गरिएको थियो । यस वर्ष पनि सीमावर्ती क्षेत्रबाट मालसामानको अवैध चोरी पैठारी एवं ओसारपसारमा वृद्धि भएका सूचनाहरु प्राप्त भएका र भन्सार राजस्व संकलनमा अपेक्षित लक्ष्य हासिल नभई राजस्व संकलनमा न्यूनता हुन गएको सन्दर्भमा चुहावटमा नियन्त्रण गरी राजस्व संकलनमा वृद्धि ल्याउन विभागको विद्यमान संयन्त्रलाई बढी सजग र सक्रिय बनाउनका अतिरिक्त यस्तो चोरी पैठारी नियन्त्रणका लागि प्रस्तुत आर्थिक वर्षको २०६४ भाद्रमा घुम्ती टोली (Flying Squad) परिचालन गरिएको थियो । चार समूहमा विभाजन गरी गरिएको उक्त घुम्ती टोलीबाट भन्सारतर्फ रु. १,४४,२५०।-, ३६,५८०।-, २,११,९५६।- र ० (२, ४, ३, १) गरी जम्मा रु. ३,९२,७८६।- र मू.अ.करतर्फ १८,७५३।-, ४,७५५।-, २७,५५४।-, ० गरी जम्मा रु. ५१,०६२।- असुल गरिएको थियो ।

# आर्थिक वर्ष २०६४/६५ को प्रगति विवरण

## भन्सार तर्फ

१ **ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच**

आर्थिक वर्ष २०६४/६५ मा आन्तरिक उत्पादतर्फ ५३४ र पैठारी भएका वस्तुतर्फ ८९८ गरी जम्मा १४३२ ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच गर्ने लक्ष्य रहेकोमा आन्तरिक उत्पादतर्फ ५४३ र पैठारी भएका वस्तुतर्फ ९५५ गरी जम्मा १४९८ ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच गरिएको । जसबाट न्यून मूल्याङ्कन भई पैठारी भएका मालवस्तुहरुको मूल्याङ्कन थप गर्न लगाई जम्मा रु. ६६ लाख ३४ हजार भन्सार महशुल र अन्य शुल्क असुल गर्न सम्बन्धित भन्सार कार्यालयबाट असुल गराइएको ।

ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच गर्दा जम्मा रु. ५ करोड ६१ लाख ८२ हजार मूल्य बराबरका मालवस्तुहरु भन्सार चोरी पैठारी भई आएको पाइएकोले उक्त सामानहरु जफत गरी भन्सार ऐन अनुसार कारवाही गरिएको ।

२ **लिलाम विक्री :**

आकस्मिक निरीक्षण तथा चेकजाँचको क्रममा फेला परेका भन्सार चोरी पैठारी भई आएको मालवस्तुहरु जफत गरी आ.व. २०६४/६५ मा जम्मा रु. ................ मूल्य बराबरका मालवस्तुहरु लिलाम विक्री गरिएको ।

## मू. अ. कर तथा आयकर तर्फ

१ **अनुसन्धान र कर निर्धारण**

आ.व. २०६४/६५ मा विभिन्न व्यावसायिक क्षेत्रसँग सम्बन्धित जम्मा १०० फर्म/व्यावसायीहरुको कारोवारको अनुसन्धान गर्ने लक्ष्य रहेकोमा जम्मा ९५ फर्म/व्यावसायीहरुको कारोवारको अनुसन्धान गरी मू.अ.कर तर्फ जम्मा रु. १८ करोड ५६ लाख ५८ हजार कर निर्धारण गरी असुल उपर गरिएको र आयकरतर्फ जम्मा रु. ५ करोड ६४ लाख ९९ हजार आयकर असुल गर्न र सो बाहेक जम्मा रु. ................ को कर योग्य आय कायम गरी आयकर ऐन, २०५८ बमोजिम लाग्ने आयकर असुल उपर गर्न सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखि पठाइएको । त्यसैगरी अन्तःशुल्कतर्फ जम्मा रु. २ लाख ६ हजार असुल उपर गरिएको ।

## विदेशी विनिमय अपचलन तथा अवैध ओसारपसारतर्फ

१. अनुसन्धान र मुद्दा दायर

विदेशी विनिमय अपचलन तथा अवैध ओसारपसारतर्फ आ.व. २०६४/६५ मा ३३ वटा मुद्दा दायर भई जम्मा रु. २ करोड ७७ लाख विगो दावी गरिएको मध्ये ४ वटा मुद्दाको फैसला समेत भइसकेको छ भने बाँकी मुद्दा फैसला हुने क्रममा रहेको ।

## भन्सार ऐन, राजस्व चुहावट ऐन र विदेशी विनिमय नियमित गर्ने ऐन अनुसार दर्ता र फछ्र्यौट भएको मुद्दाको विवरण

**१. भन्सार ऐनतर्फ**

भन्सारतर्फ गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको मुद्दा संख्या ३१, आर्थिक वर्ष २०६४/६५ मा दर्ता भएको मुद्दा संख्या १०२ गरी जम्मा १३३ मुद्दा रहेकोमा ९४ वटा मुद्दा फछ्र्यौट भई जम्मा ३९ वटा मुद्दा आर्थिक वर्ष २०६५/६६ को लागि जिम्मेवारी सरेका छन् ।

**२. राजस्व चुहावटतर्फ**

राजस्व चुहावटतर्फ गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको मुद्दा संख्या ३ रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा १ वटा मुद्दा फछ्र्यौट भई जम्मा २ वटा मुद्दा आर्थिक वर्ष २०६५/६६ को लागि जिम्मेवारी सरेका छन् ।

**३. विदेशी विनिमयतर्फ**

विदेशी विनिमयतर्फ गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको मुद्दा संख्या १४, आर्थिक वर्ष २०६४/६५ मा दर्ता भएको मुद्दा संख्या २६ गरी जम्मा ४० मुद्दा रहेकोमा २३ वटा मुद्दा फछ्र्यौट भई जम्मा १७ वटा मुद्दा आर्थिक वर्ष २०६५/६६ को लागि जिम्मेवारी सरेका छन् ।

## बेरुजु र फछ्र्यौटको विवरण

यस विभाग अन्तर्गत आर्थिक वर्ष २०६४/६५ सम्मको कुल लगती बेरुजु रु. ३,५९,७७।२४ रहेकोमा यस आर्थिक वर्षमा जम्मा रु. १,७०,९७०।७४ (४७.५२ प्रतिशत) संपरीक्षण भई लगत कट्टा भएको र रु. १,८८,८०६।५० बाँकी बेरुजु लगत कायम रहेको छ । आर्थिक वर्ष २०६३/६५ को म.ले.प. बाट यस विभाग र अन्तर्गतका कार्यालयहरुको कुनै पनि लगती बेरुजु कायम नभएको, उल्लेखित बेरुजु रकम आर्थिक वर्ष २०६२/६३ बाट जिम्मेवारी सरी आएको हो ।

## घुम्ति टोली र असुली :

१. कति घुम्ति टोली

२. कति राजस्व असुली

## सूचना प्रविधि

आर्थिक वर्ष २०६४/६५ मा राजस्व चुहावट कार्यलाई नियन्त्रण गर्ने सन्दर्भमा अर्थ मन्त्रालय अन्तर्गतका विभागहरु र यस विभागको बीच सूचना सञ्जाल स्थापना गर्ने सम्बन्धमा आन्तरिक राजस्व विभागको कम्प्यूटर सफ्टवयर (Protax) सम्मको पहुँच प्राप्त भएको छ भने भन्सार विभाग अन्तर्गत भन्सार कार्यालयहरुमा प्रयोग भइरहेको ASYCUDA समेत Link गर्नको लागि छलफल भइरहेको छ । त्यस्तै, विभागको परिसर भित्र हुने गतिविधिहरुको अवलोकन गर्नका लागि यस आर्थिक वर्षमा CCTV जडान गरिएको छ ।

## मानव संशाधन विकासतर्फ

**वैदेशिक तालीमः**

१ सम्पत्ति शुद्धिकरण/मलेसिया

**स्वदेशी तालीमः**

२ राजस्व प्रशासन तालीम केन्द्रमा मिति २०६५।०२।१७ देखि २०६५।०२।२४ सम्म सञ्चालन भएको अन्तःशुल्क प्रशासन सम्बन्धी अधिकृत स्तरीय अल्पकालीन तालीममा यस विभाग वा अन्तर्गतका ३ जना शाखा अधिकृत सहभागी भएको ।

## पुंजीगत खर्च तर्फ

१. मध्य तथा सुदूरपश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुरको जग्गामा जम्मा रु. ९,८८,३३४।- को लागतमा कम्पाउण्ड वाल निर्माण गरिएको ।
२. पश्चिमाञ्चल इकाई कार्यालय, बुटवलमा जम्मा रु. ४,८३,०००।- को लागतमा गोदाम टहरा निर्माण तथा मर्मत कार्य सम्पन्न भएको ।
३. मध्यमाञ्चल इकाई कार्यालय, पथलैयामा जम्मा रु. ६,८६,०००।- को लागतमा गोदाम टहरा निर्माण तथा मर्मत कार्य सम्पन्न भएको ।
४. पूर्वाञ्चल इकाई कार्यालय, इटहरीमा जम्मा रु. ९,५६,०००।- को लागतमा गोदाम टहरा निर्माण तथा मर्मत कार्य सम्पन्न भएको ।
५. राजस्व अनुसन्धान विभागमा जम्मा रु. १,९८,४७,०००।- को लागतमा ३ वटा जीप र ५ वटा पिकअप गाडीहरु खरिद गरिएकोमा सो मध्ये एउटा जीप राजस्व प्रशासन तालीम केन्द्रलाई हस्तान्तरण गरिएको ।

# ६. इकाई कार्यालयहरुको प्रगति विवरण

## राजस्व अनुसन्धान पूर्वाञ्चल इकाई कार्यालय, इटहरी

### भन्सार तर्फ

१ **ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच**

आर्थिक वर्ष २०६४/६५ मा आन्तरिक उत्पादतर्फ १०१ र पैठारी भएका वस्तुतर्फ १५१ गरी जम्मा २५२ ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच गर्ने लक्ष्य रहेकोमा आन्तरिक उत्पादतर्फ १०३ र पैठारी भएका वस्तुतर्फ १५१ गरी जम्मा २५४ ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच गरिएकोमा जम्मा रु. १९ लाख ६६ हजार मूल्य बराबरका मालवस्तुहरु भन्सार चोरी पैठारी भई आएको पाइएकोले उक्त सामानहरु जफत गरी भन्सार ऐन अनुसार कारवाही गरिएको ।

### मू. अ. कर तथा आयकर तर्फ

२ **अनुसन्धान र कर निर्धारण**

आ.व. २०६४/६५ मा विभिन्न व्यावसायिक क्षेत्रसँग सम्बन्धित जम्मा ९ फर्म/व्यावसायीहरुको कारोवारको अनुसन्धान गर्ने लक्ष्य रहेकोमा ९ फर्म/व्यावसायीहरु कै कारोवारको अनुसन्धान गरी मू.अ.कर तर्फ जम्मा रु. ८४ लाख ४८ हजार कर निर्धारण गरी असुल उपर गरिएको र आयकरतर्फ जम्मा रु. २ लाख आयकर असुल गरिएको ।

## राजस्व अनुसन्धान मध्यमाञ्चल इकाई कार्यालय, पथलैया

### भन्सार तर्फ

१ **ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच**

आर्थिक वर्ष २०६४/६५ मा आन्तरिक उत्पादतर्फ १४२ र पैठारी भएका वस्तुतर्फ १९८ गरी जम्मा ३४० ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच गर्ने लक्ष्य रहेकोमा आन्तरिक उत्पादतर्फ १४३ र पैठारी भएका वस्तुतर्फ २११ गरी जम्मा ३५४ ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच गरिएकोमा जम्मा रु. १ करोड ६९ लाख ५२ हजार मूल्य बराबरका मालवस्तुहरु भन्सार चोरी पैठारी भई आएको पाइएकोले उक्त सामानहरु जफत गरी भन्सार ऐन अनुसार कारवाही गरिएको ।

## मू. अ. कर तथा आयकर तर्फ

२ **अनुसन्धान र कर निर्धारण**

आ.व. २०६४/६५ मा विभिन्न व्यावसायिक क्षेत्रसँग सम्बन्धित जम्मा १३ फर्म/व्यावसायीहरुको कारोवारको अनुसन्धान गर्ने लक्ष्य रहेकोमा १३ फर्म/व्यावसायीहरु कै कारोवारको अनुसन्धान गरी मू.अ.करतर्फ जम्मा रु. १८ लाख १० हजार कर निर्धारण गरी असुल उपर गरिएको र आयकरतर्फ जम्मा रु. ५ लाख ५४ हजार आयकर असुल गरिएको । त्यस्तै, अन्तःशुल्कतर्फ रु. ६५ हजार असुल उपर गरिएको ।

## राजस्व अनुसन्धान पश्चिमाञ्चल इकाई कार्यालय, बुटवल

१. **ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच**

आर्थिक वर्ष २०६४/६५ मा आन्तरिक उत्पादतर्फ ८० र पैठारी भएका वस्तुतर्फ १२८ गरी जम्मा २०८ ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच गर्ने लक्ष्य रहेकोमा आन्तरिक उत्पादतर्फ ८६ र पैठारी भएका वस्तुतर्फ १३५ गरी जम्मा २२१ ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच गरिएकोमा जम्मा रु. ३५ लाख ५३ हजार मूल्य बराबरका मालवस्तुहरु भन्सार चोरी पैठारी भई आएको पाइएकोले उक्त सामानहरु जफत गरी भन्सार ऐन अनुसार कारवाही गरिएको ।

२. **अनुसन्धान र कर निर्धारण**

आ.व. २०६४/६५ मा विभिन्न व्यावसायिक क्षेत्रसँग सम्बन्धित जम्मा ८ फर्म/व्यावसायीहरुको कारोवारको अनुसन्धान गर्ने लक्ष्य रहेकोमा जम्मा ९ फर्म/व्यावसायीहरुको कारोवारको अनुसन्धान गरी मू.अ.करतर्फ जम्मा रु. ३ लाख २ हजार कर निर्धारण गरी असुल उपर गरिएको ।

## राजस्व अनुसन्धान मध्य तथा सुदूर पश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुर

१. **ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच**

आर्थिक वर्ष २०६४/६५ मा आन्तरिक उत्पादतर्फ १९ र पैठारी भएका वस्तुतर्फ ४८ गरी जम्मा ६७ ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच गर्ने लक्ष्य रहेकोमा आन्तरिक उत्पादतर्फ २४ र पैठारी भएका वस्तुतर्फ ४७ गरी जम्मा ७१ ढुवानीका साधनहरुको आकस्मिक चेकजाँच गरिएकोमा जम्मा रु. १२ लाख ८१ हजार मूल्य बराबरका मालवस्तुहरु भन्सार चोरी पैठारी भई आएको पाइएकोले उक्त सामानहरु जफत गरी भन्सार ऐन अनुसार कारवाही गरिएको ।

२. **अनुसन्धान र कर निर्धारण**

आ.व. २०६४/६५ मा विभिन्न व्यावसायिक क्षेत्रसँग सम्बन्धित जम्मा ५ फर्म/व्यावसायीहरुको कारोवारको अनुसन्धान गर्ने लक्ष्य रहेकोमा ५ फर्म/व्यावसायीहरु कै कारोवारको अनुसन्धान गरी

मू.अ.करतर्फ जम्मा रु. ६० हजार कर निर्धारण गरी असुल उपर गरिएको र आयकरतर्फ जम्मा रु. १ लाख ३ हजार आयकर असुल गरिएको ।

## ६. समस्या, चुनौति तथा अवसरहरु :

### (क) नीतिगत

- राजस्व चुहावट नियन्त्रण कार्य नितान्त प्राविधिक र संवेदनशील काम हो । यस कार्यमा राजश्व सम्बन्धी ज्ञानका साथै अनुसन्धान तथा तहकिकात गर्ने विशेषज्ञता आवश्यक पर्ने भएकोले राजश्व प्रहरी सहितको छुट्टै पेशागत विशेषज्ञ समुहको रुपमा विकसित गर्ने दीर्घकालिन नीति लिनु आवश्यक छ । यस विभागको संगठनात्मक स्वरुपलाई खारेज गर्ने र कायम राख्ने बारे समेत विभिन्न धारणाहरु आउने गरेका छन । यस सम्बन्धमा समेत स्पष्ट नीति अवलम्बन गर्नु आवश्यक छ ।

- राजस्व चुहावट नियन्त्रणको कार्यक्षेत्र सम्बन्धमा पनि नीतिगत अन्यौल देखिएको छ । ऐनले यस विभागलाई कर राजस्वको चुहावट भएका विषयहरुमा मात्र अनुसन्धान र तहकीकातको अधिकार दिएको छ तर हालम्म गैरकर राजस्व चुहावटको अनुसन्धान गर्ने अन्य निकाय नभएको कारणले गैरकर राजस्व चुहावटको क्षेत्रमा समेत अनुसन्धान गर्ने गरी कार्यक्षेत्र विस्तार गर्ने चुनौति र अवसर हाम्रो सामु उभिएको छ । सार्वजनिक क्षेत्र र निजी क्षेत्र दुवैतर्फका राजश्व जोखिमका क्षेत्रहरु पहिचान गरी क्रमिकरुपमा अनुसन्धानको क्षेत्र विस्तार गर्दै लैजाने दिर्घकालीन सोच, सूधार योजना तथा कार्य योजना नै बनाई कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

- राजश्व चुहावट नियन्त्रण तथा विदेशी विनिमय अपचलनका विषयहरु प्राविधिक विषय भएकाले यी विषयका मुद्धाहरु समेत विषय विशेष अदालतमा दायर गर्ने व्यवस्था गर्न सकिएमा राजश्व चुहावट नियन्त्रण कार्यमा छिटो छरितोपना आउने र बढी प्रभावकारी हुने देखिन्छ ।

### (ख) कानूनी

- कर राजस्व चुहावटको अनुसन्धान तथा मुद्धा चलाउँदा नेपाल सरकारको निर्णयबाट कर सम्बन्धी विभिन्न कानूनहरुको प्रत्यायोजित अधिकार प्रयोग गर्ने गरेको र विभागका पदाधिकारी वा कर्मचारीको फेरबदल हुँदा हरेक पटक प्रत्यायोजनको सो निर्णय समेत फेरबदल गर्नु पर्ने हुँदा राजस्व चुहावट नियन्त्रण ऐनमा नै कर सम्बन्धी ती व्यवस्थालाई स्वतः प्रयोग गर्न पाउने गर्न सकिएमा काममा सरलता र एकरुपता आउने देखिएको छ ।

- राजस्व अनुसन्धान विभागले प्रयोग गर्ने प्रमुख ऐन राजस्व चुहावट (नियन्त्रण तथा अनुसन्धान) ऐन, २०५२ हो । यस ऐनको नियमावली हालसम्म पनि व्यवस्था हुन सकेको छैन भने अर्कोतर्फ यस ऐनलाई समयानुकुल संशोधन गरी परिमार्जन गर्न समेत आवश्यक भई सकेको छ ।

## (ग) संस्थागत संरचना

- विभागको संगठनात्मक स्वरुपलाई कार्यात्मक स्वरुपमा ढाल्न जरुरी देखिएको छ । राजश्व प्रहरी सहितको छुट्टै पेशागत समुहको रुपमा परिवर्तन गर्ने गरी अनुसन्धानमूलक संस्थागत संरचनाको विकास गर्नु आजको चुनौति भएको छ । विभागलाई तथ्यांक, सूचना तथा राजश्व गुप्तचरीको आधारमा अनुसन्धान प्रति बढी केन्द्रित बनाउन अनुसन्धान उन्मुख र अधिकृतमूलक संरचना बनाउनु जरुरी छ ।

- क्षेत्रिय इकाई कार्यालयहरु अस्थायी ढाट (Checkpost) को सन्चालनमा मात्र सिमीत रहन गएको देखिएको छ । यी ढाटहरुले पैठारी भएका सामानहरु र स्वदेशी उत्पादनका मालसामानहरुको आन्तरिक ओसारपसारको दर्ता गर्ने काम मात्र गरिरहेका छन् र राजमार्गको एक तर्फ मात्र अवस्थित रहने भएकाले ओसारपसार हुने सबै मालसामानहरुको जाँच वा प्रविष्टी गर्ने काम पनि हुनसकेको छैन । यी ढाटहरुको प्रयोगबाट चोरी गर्नेहरुका लागि केवल मनोवैज्ञानिक त्रास श्रृजना गर्न बाहेक चोरीपैठारी वा राजस्व चुहावट नियन्त्रण गर्ने तर्फ खासै योगदान भएको भन्न सकिएको छैन । यस्तो ढाटे संस्कृति (Checkpost Pathology) बाट उन्मुक्त भई विभागलाई तथ्यांकमा आधारित राजश्व गुप्तचरी (Revenue Intelligence) उन्मुख गरी अनुसन्धानमूलक बनाउनु आजको चुनौति र अवसर दुवै भएको छ ।

- भन्सार चोरीपैठारी नियन्त्रणको लागि गस्ती परिचालन गर्ने र पैठारी भईआएका अथवा आन्तरिक उत्पादनका सामानको ओसारपसार तर्फ बढी केन्द्रित रहन गएको छ । यी बाहेक अन्य कर राजश्व सम्बन्धी कानूनहरुको प्रभावकारी पालना गराउन अपेक्षित सक्रियता अवलम्बन गर्न सकिएको छैन । क्षेत्रिय ईकाई कार्यालयहरु र ढाटहरुमा नै विभागको अधिकांश जनशक्ति केन्द्रित हुनगएको तर ती विशेष स्थानबाहेक अन्यत्र विभागको सक्रिय पहुँच पुग्न सकेको छैन । त्यसो भएको हुनाले विद्यमान ढाट केन्द्रित स्वरुपलाई परिवर्तन गरी विशेष घुम्ती टोली (Flying Squad) प्रकारको कार्यात्मक संरचना बनाउन विद्यमान ढाटहरुलाई खारेज गरी सोको सट्टा विभागमा केन्द्रीत घुम्ति टोलीहरुको व्यवस्था गर्नु आवश्यक छ ।

- गस्ति कर्मचारीहरुको नियमित र प्रभावकारी उपयोग गर्न सकिएको छैन । गस्ति समुहलाई दीर्घकालिन रुपमा राजश्व प्रहरीको भूमिकामा रुपान्तरण गर्ने क्रमिक प्रयासको खाँचो रहेको छ । तत्कालको लागि आवश्यक पर्ने सुरक्षा प्रबन्ध शसस्त्र प्रहरीको राजस्व गस्तीबाट प्राप्त गरी उपयोग गर्ने र भविष्यमा गस्ति प्रहरी समावेश रहेको राजश्व प्रहरीबाटै राजश्व गस्तिको कार्य गराउनु आवश्यक छ ।

- अनुसन्धानको कामको लागि यस कार्य प्रति उत्प्रेरित, दक्ष र उच्च नैतिकता भएका जनशक्तिको आवश्यकता पर्दछ । राजस्व समूह भित्रैबाट पदस्थापना हुने भएतापनि दक्ष, लगनशील र स्वच्छ छवि भएका कर्मचारी बिना विभागको उद्धेश्य पुरा हुन नसक्ने भएकोले यस विभागमा पदस्थापना वा सरुवा हुने कर्मचारी छनौटको जिम्मा मंत्रालयका राजश्व सचिव तथा विभागका महानिर्देशकलाई दिने व्यवस्था गरी सोको परिपालना कडाईका साथ गरिएमा अनसन्धान कार्यलाई प्रभावकारी बनाउन सकिने देखिएको छ ।

(घ) **मानव संशाधन व्यवस्थापन**

- कार्य विवरण र कार्य विशिष्टताको आधारमा पद वर्गिकरण गरी उपयुक्त स्थानमा त्यस्तो कार्य विवरणले चाहेको योग्यता भएको व्यक्तिको पदस्थापन गर्न सकिएको छैन । संगठनको सर्वेक्षण र कार्य बोझ विश्लेषण गरी पद वर्गिकरण गर्न आवश्यक छ ।

- विभागसँग राजश्व समुहमा लामो समयसम्म कार्य गरेका तल्लो तहका जनशक्ति धैरै संख्यामा रहेको छ । यस्तो जनशक्ति कर, भन्सार जस्ता क्षेत्रमा लामो समयसम्म काम गरेको हुने हुनाले व्यापारिक मिलोमतो वा मोलाहिजामा पर्न सक्ने जोखिम पनि त्यत्तिकै छ । राजस्व समूहभित्र कै जनशक्ति भएकोले पुनः कर भन्सार जस्ता कार्यालयमा पदस्थापन हुन सक्ने हुँदा त्यस्तो निकाय वा निकायमा कार्यरत कर्मचारीहरुलाई असर पर्ने खालका नियन्त्रणात्मक कार्य प्रति उत्प्रेरणाको कमी रहेको देखिएको छ ।

- राजश्व चुहावट अनुसन्धान कार्य एक विशेषखालको प्राविधिक र संवेदनशील विषय भएकोले यस कार्यमा विशेषज्ञताको आवश्यकता पर्ने देखिन्छ । तर विद्यमान अवस्थामा अनुसन्धान सम्बन्धी विशेष तालिम प्राप्त कर्मचारीको कमी रहेको र भएका कर्मचारीहरुमा पनि तालिम प्राप्त गर्ने अवसरको कमी भएकोले राजस्व चुहावट नियन्त्रण कार्य प्रभावकारी हुन सकिरहेको छैन । त्यसो भएको हुनाले यस विभागमा कार्यरत कर्मचारीहरुलाई अनुसन्धान, तहकीकात प्रविधि तथा सम्बन्धित ऐन कानूनको बारेमा नियमित तालिमको व्यवस्था गर्नु पर्दछ ।

- राजस्व अनुसन्धानको काम कार्यालयको निश्चित समय अवधिभित्र सम्पन्न हुने काम होईन । दिन रात तथा चौविसै घण्टा सूचनाको आधारमा चनाखो भई काममा खट्नु पर्ने, गस्ती गर्दा वा छापा मार्दा वा अनुसन्धानका क्रममा धाकधम्कि सम्म आउने अवस्था रहने गरेको भएतापनि यस्तो कार्यमा खटे वापत काममा उत्प्रेरणा जगाउने विशेष सुविधा वा सुरक्षा व्यवस्थाको कमी रहेको छ । त्यसो भएकाले निष्पक्ष र दृढतापूर्वक काममा खट्ने कर्मचारीलाई उत्प्रेरित गर्न सकिएको छैन ।

**(ङ) सूचना प्रविधिको उपयोग**

- राजस्व अनुसन्धान र चुहावट नियन्त्रण कार्यको लागि भरपर्दो र प्रभावकारी सूचना संयन्त्र (Information Mechanism) को स्थापना गर्न सकिएको छैन । केवल उजुरी र सुराकीको आधारमा अनुसन्धान क्रियाकलापलाई केन्द्रीत गर्दा उपलब्धि विहिन र कतिपय अवस्थामा पूर्वाग्रही कारवाही हुन जाने भई समय र श्रोत साधन खेर गइरहेको अवस्था छ भने अर्कोतर्फ अनुसन्धान कार्य स्वयंमा नै जोखिममा पर्न जाने खतरा रहेको छ। त्यसो भएको हुनाले अब अनुसन्धानको कार्यलाई स्वचालित सूचना संयन्त्रमा आधारित बनाउन जरुरी भएको छ।


- निजी क्षेत्र दिनानुदिन विद्युतीय संचारमा आधारित, प्रतिस्पर्धी र सुदृढ हुँदै गइरहेको वर्तमान सन्दर्भमा हेर्दा विभागले अनुसन्धान कार्यमा सूचना सञ्जाल (Networking) को प्रभावकारी उपयोग गर्न सकेको छैन । निजी क्षेत्रका समग्र व्यवसाय विद्युतीय आधारमा कारोबार हुने गरेको विद्यमान अवस्थामा विभागले भइरहेको अन्तरविभागिय सूचना सञ्जालको समेत प्रभावकारी उपयोग गर्न नसकिरहेको अवस्था छ। विद्युतीय कारोबार ऐन तथा नियमावली समेत लागू भइसकेको विद्यमान अवस्थामा अबको अनुसन्धान कार्य भनेको विद्युतीय अनुसन्धान (e-Intelligence) उन्मुख हुनु पर्दछ।

**(च) साधन व्यवस्थापन**

- विभागलाई अनुसन्धान कार्यका लागि आवश्यक पर्ने दक्ष जनशक्ति, आर्थिक श्रोत र भौतिक साधनबाट सुसज्जित गर्नु जरुरी छ । यस विभागको कार्य प्रकृति अनुसार सुरक्षा र संचारको क्षेत्रमा प्रयोग गरिने अत्याधुनिक उपकरणहरुको नितान्त खाँचो महसुस गरिएको छ ।


- सुराकीले पाउने पुरस्कारको वर्तमान व्यवस्था विभेदकारी रहेकोले राजस्व चुहावटको सूचना सङ्कलन गर्न राजश्व गुप्तचरको लागि नियमित पारिश्रमिकको व्यवस्था गर्नु पर्ने देखिएको छ । यस्ता गुप्तचर परिचालन पारिश्रमिकको लागि नियमित बजेटको व्यवस्था मिलाउन पर्ने देखिएको छ ।

## राजस्व अनुसन्धान विभागको मौजुदा संगठनात्मक स्वरुप



## राजस्व अनुसन्धान विभाग अन्तर्गतको इकाई कार्यालयहरुको संगठनात्मक ढाँचा

### <u>इकाई कार्यालय</u>



नेपाल सरकार

अर्थ मन्त्रालय

## राजस्व अनुसन्धान विभाग वा अन्तर्गत

## मौजूदा दरवन्दी विवरण

| सि. | पदको नाम | श्रेणी | सेवा | समूह | स्वीकृत दरवन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | महा–निर्देशक | रा.प.प्र. | प्रशासन | प्रशासन | १ | १ | X | |
| २. | उप–महानिर्देशक | रा.प.प्र. | प्रशासन | प्रशासन | १ | १ | X | |
| ३. | निर्देशक | रा.प.द्वि. | प्रशासन | राजस्व | २ | २ | X | |
| ४. | प्रमुख अनुसन्धान अ. | रा.प.द्वि. | प्रशासन | राजस्व | ४ | ३ | १ | |
| ५. | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ५ | ५ | X | |
| ६. | अनुसन्धान अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ४ | ३ | १ | |
| ७. | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | X | |
| ८. | जिल्ला न्यायाधिवक्ता | रा.प.तृ. | न्याय | स. व. | १ | X | १ | |
| ९. | ना.सु. | रा.प.अ.प्र. | प्रशासन | राजस्व | १४ | १४ | X | |
| १०. | ना.सु. न्याय | रा.प.अ.प्र. | न्याय | स. व. | १ | १ | X | |
| ११. | लेखापाल | रा.प.अ.प्र. | प्रशासन | लेखा | १ | १ | X | |
| १२. | कम्प्युटर अप्रेटर | रा.प.अ.प्र. | विविध | X | २ | २ | X | |
| १३. | गस्ती निरीक्षक | रा.प.अ.प्र. | प्रशासन | X | ५ | ३ | २ | |
| १४. | टाइपिष्ट | विभिन्न | प्रशासन | प्रशासन | ५ | ५ | X | |
| १५. | खरिदार | रा.प.अ.द्वि. | प्रशासन | राजस्व | १९ | १९ | X | |
| १६. | सह–लेखापाल | रा.प.अ.द्वि. | प्रशासन | लेखा | ५ | ५ | X | |
| १७. | गस्ती उप निरीक्षक | रा.प.अ.द्वि. | प्रशासन | X | ४ | ३ | १ | |
| १८. | ह. स. चा. | श्रेणीविहीन | प्रशासन | प्रशासन | १० | १० | X | |
| १९. | परिचर | श्रेणीविहीन | प्रशासन | प्रशासन | १५ | १५ | X | |
| २०. | गस्ती परीचर | श्रेणीविहीन | प्रशासन | X | ४२ | २० | २२ | |
| | | | | | **१४२** | **११२** | **२८** | |

### रिक्त पदहरु

| सि. नं. | रिक्त पद | विभाग/कार्यालय | संख्या |
|---|---|---|---|
| १ | प्रमुख अनुसन्धान अधिकृत | पश्चिमाञ्चल इकाई कार्यालय, बुटवल | १ |
| २ | अनुसन्धान अधिकृत | पश्चिमाञ्चल इकाई कार्यालय, बुटवल | १ |
| ३ | जिल्ला न्यायाधिवक्ता | राजस्व अनुसन्धान विभाग | १ |
| ४ | गस्ती निरीक्षक | पश्चिमाञ्चल इकाई कार्यालय, बुटवल | १ |
| ५ | गस्ती निरीक्षक | मध्य तथा सुदूर पश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुर | १ |
| ६ | गस्ती उप निरीक्षक | पूर्वाञ्चल इकाई कार्यालय, इटहरी | १ |
| ७ | गस्ती परिचर | राजस्व अनुसन्धान विभाग | ११ |

| सि. नं. | रिक्त पद | विभाग/कार्यालय | संख्या |
|---|---|---|---|
| | | पूर्वाञ्चल इकाई कार्यालय, इटहरी | ४ |
| | | पश्चिमाञ्चल इकाई कार्यालय, बुटवल | ३ |
| | | म. तथा सु. पश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुर | ४ |
| | | जम्मा | २८ |

<u>अनुसूचिहरु</u>

१. **राजस्व अनुसन्धान विभागको संगठनात्मक ढांचा,**

२. **राजस्व अनुसन्धान इकाई कार्यालयहरुको संगठनात्मक ढांचा,**

३. **विभाग र अन्तर्गत मौजूदा दरवन्दी विवरण,**

४. **विभाग र अन्तर्गत कार्यालयहरुबाट भएका राजस्व असुलीका तथ्यांक र तुलनात्मक विवरण,**

५. **विभागमा दर्ता र फैसला भएका मुद्धाहरुको तुलनात्मक विवरण (भन्सार, विदेशी विनिमय र राजस्व चुहावट तर्फ),**

६. **आ. व. २०६४/६५ को मासिक कार्यगत लक्ष्य प्रगति विवरण (इकाई कार्यालयहरु समेतको) ।**